# तीन पाकिस्तानी खेलाडीका पदक खोसिए

**हिमालय टाइम्स**
**काठमाडौं, २८ साउन**



अघिल्लो वर्ष नेपालमा सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा प्रतिबन्धित पदार्थ प्रयोग(डोपिङ) गरेको भेटिएपछि तीन पाकिस्तानी पदकधारीको पदक खोसिएको छ । व्यक्तिगततर्फ दुई स्वर्ण र एक कास्य तथा एक टिम इभेन्टमा काँस्य जितेका तीन खेलाडीको पदक खोसिएको हो ।

नेपाल ओलम्पिक कमिटीले विज्ञप्ति जारी गर्दै एथलेटिक्सतर्फ १ सय मिटर दौडमा कास्य पदक विजेता सामी उल्लाह, ११० मिटर हर्डल्समा स्वर्ण विजेता मुहमद नइम र ४०० मिटर हर्डल्समा स्वर्ण विजेता महबुब अलीले प्रतिबन्धित औषधि प्रयोग गरेको पुष्टि भएको जानकारी दिएको हो ।

'विश्व एन्टि डोपिङ एजेन्सीको नियमअनुसार सहभागी खेलाडीहरूको डोपिङ टेस्ट दोहास्थित एन्टि डोपिङ ल्याबमा गरिएको थियो । ए श्याम्पलको परीक्षण गर्दा ती खेलाडीहरूले प्रतिबन्धित औषधि प्रयोग गरिएको पाइयो,' विज्ञप्तिमा जनाइएको छ, 'खेलाडीहरूलाई दुई खेलाडीले बी श्याम्पल परीक्षण गर्दा समेत डोपिङ गरिएको पुष्टि भएको छ ।'

डोपिङ गरेको खेलाडीहरूले पनि गल्ती स्वीकार गरिसकेको तथा उहाँहरूलाई २०१९ डिसेम्बर देखि २०२३ तारिखसम्म निलम्बन गरिएको कमिटीले जनाएको छ । पहिलो स्याम्पलमा नतिजा पोजेटिभ आएपछि महबुब र मुहमदले दोस्रो स्याम्पल दिनुभएको थियो । त्यसमा पनि पोजिटिभ देखि उहाँहरूले समेत स्वीकार्नुभएको छ ।

४०० मिटर हर्डल्समा महबुब अलीको पदक खोसिएसँगै अब त्यसबेला रजत जित्ने भारतका जाबिर मदारी पाले स्वर्ण पदक पाउनुहुने भएको छ । यस्तै पुरुष ११० मिटर हर्डल्समा स्वर्ण जितेका नइमको पदक खोसिँदा भारतका सुरेन्दर जयकले स्वर्ण हासिल गर्नुहुने छ ।


## किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल
काहुले, नुवाकोट
२०७३

**आ.व.२०७७/०७८ को बाँकी अवधिको लागि ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, इटा र कवाडी लगायतका नदीजन्य एवं खानीजन्य सामाग्रीहरुको संकलन तथा बिक्रि कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धि सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०४/२९ गते**

किस्पाङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय नुवाकोटले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ को (घ) ६, सार्वजनिक खरिद ऐन तथा नियमावली, नेपाल सरकार मन्त्री परिषदको मिति ०७७।४।५ निर्णयानुसार स्वीकृत "ढुंगा, गिट्टी तथा बालुवा उतखन्न् बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदयड २०७७", प्रदेश सरकार बागमति प्रदेशबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा ब्यबस्था गर्न बनेको कार्यबिधि, राजश्व परामर्श समितिको निर्णय एवं गाउँसभाको निर्णयानुसार चालु आ.व.२०७७।०७८ को बाँकी अवधिको लागि किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सलाखु र त्रिशुली नदिको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (**IEE**) मा उल्लेखित र आसपासका क्षेत्रहरुबाट उत्खनित देहायका परिमाणको ढुंगा गिट्टी बालुवा, रोडा, ग्राभेल, साधारण निर्माण सामाग्री र इटा, माटोको संकलन तथा बिक्रि कर संकलन, कवाडी सामानमा लाग्ने कर र निर्यातजन्य सामानहरुमा लाग्ने निकासी कर समेत असुली सम्बन्धि कार्य गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक फर्मले यो सुचना प्रकाशित मितिले ३० दिन भित्र यस कार्यालयको सानीमा बैंक किस्पाङ शाखामा रहेको आन्तरिक राजश्व खाता ०५९०१००४००००००८ मा बोलपत्र दस्तुर बापतको रु.३०००।० तीन हजार (फिर्ता नहुने) नगदै जम्मा गरेको भौचरको स्क्यान कपि, नविरकण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७५।०७६ को कर चुक्ता, सहित बोलपत्र फारम भरि ३१ औ दिनको १२:०० बजे भित्र आफुले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम सानीमा बैंक किस्पाङ शाखामा रहेको स्थानीय तह धरौटी खाता ०५९०१००२००००१५ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त "क" श्रेणीका बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (**Bid Bond**) सम्लग्न राखि सार्वजनिक खरिद अनुगमन कार्यालयको **website centralize EGP portal WWW.bolpatra.gov.np** मार्फत ई बिड पेश गर्न सकिनेछ । रितपुर्वक पर्न आएका बोलपत्रहरु ३१ औ दिनको १:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधि र नेपाल सरकारका कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइनेछ र अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयको आन्तरिक आय शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | बिवरण | उत्खनन् परिमाण (क्युब फिट) | दर (मु.अ. कर बाहेक) | कुल न्युनतम अंक (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटि रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| ०१/आन्तरिक आय/किस्पाङ/२०७७।०७८ | १. नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सलाखु र त्रिशुली नदी किनार बाट निस्कने र आसपासका क्षेत्रहरुमा उ त्खनित ढुंगा, गिट्टि, बालुवा, ग्राभेल, रोडा, चिप्स, माटो<br>यस गाउँपालिकामा निर्माणाधिन योजना आयोजनाहरुले उत्खनन् गरी प्रयोग गर्ने निर्माणजन्य सामाग्री (नदिजन्य बाहेक अनुमानित)<br>१. गल्छी त्रिशुली मैलुङ सडक ३५०००० <br>२. त्रिशुली ३ बि आयोजना १००००० <br>३. सलाखु सातदोबाटो भाल्चे साल्मे सडक २०००० | ६४५००० क्युब फिट<br>४७०००० क्युब फिट | ९। | १०२,३०,०००।० | कवोल अकको ५ प्रतिशत | ३०००।० |
| | २. इटा, कवाडी फलाम तथा सामानहरु, कागज, बोतल एवं थुन्सेको निकासी कर | | | | | |

**शर्तहरु :**

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म **E-Bidding** मार्फत सार्वजनिक खरिद अनुगमन कार्यलयको **website centralize EGP Portal www.bolpatra.gov.np** मा **Annex to Bidding data Sheet for provision of E-Bidding** मा सबै कागजातहरु **Scan** गरि **PDF format**, मा बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने दिनलाई क्रमश खरिद र दर्ताको अन्तिम मिति मानिनेछ तर बैंक ग्यारेन्टीको हकमा सूचनामा उल्लेखित मितिबाटै जारी भएकोलाई मान्यता दिइनेछ ।
२. नेपाल सरकार, बागमती प्रदेश सरकार र किस्पाङ गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।
३. निर्माण ब्यावसायि र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा निर्माण ब्यावसायिको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।
४. फर्मले कबोल गरेको अंक (मू.अ.कर समेत) भुक्तानी गर्दा सम्झौताको बखत ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशतले भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेमा निर्माण ब्यावसायि आफैले असूल गरी प्रचलित कानुन बमोजिम दाखिला गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत भए पश्चात सम्झौताको बखत कबुल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।
६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ ।
७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।
८. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।
९. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भुकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन ।
१०. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।
११. योजना तथा आयोजनाले आफ्नो क्षेत्रभित्र उत्खन्न गरी संकलित निर्माणजन्य सामाग्रीमा गाउँपालिका क्षेत्र भित्र प्रसोधित र बाहिर लैजानु पर्दा कच्चा पदार्थमा समेत कर संकलन गर्न पाइनेछ ।
१२. दैवी बिपत्ति तथा राष्ट्रिय महामारी जस्ता आपतकालिन अबस्था आई देशमा संकटकाल तथा लकडाउन गर्नु पर्ने अवस्था श्रृजना भएमा सो समयको कर छुट सम्बन्धि ब्यबस्था गर्दा प्रचलित कानुनका अधिनमा रही गाउपालिकाले गर्न सक्नेछ ।
१३. सूचनामा उल्लेख भएको बाहेक प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**


# विश्वकप छनोटका खेलहरू स्थगित

**हिमालय टाइम्स**
**काठमाडौं, २८ साउन**




सन् २०२२ मा कतारमा हुने फिफा विश्वकप र सन् २०२३ मा चीनमा हुने एसियन कपका लागि संयुक्त छनोट खेलहरू पुन: स्थगित भएका छन् । एसियन फुटबल फेडेरेसन(एएफसी)ले कोरोना भाइरसको महामारीका कारण असोजमा तय भएका नेपालका बाँकी खेलहरू स्थगित भएको जनाएको हो ।

विज्ञप्ति जारी गर्दै एएफसीले महामारीका कारण खेलहरू पूर्वनिर्धारित समयमा नहुने उल्लेख गरेको हो । एएफसीले कम्तीमा दुई महिनाका लागि खेलहरू सारिएको जनाएको छ । उसले २०२१ सम्मका लागि खेलहरू स्थगित गरिएको जनाएको हो । यसअघि अक्टोबर र नोभेम्बरमा ती खेलहरू सम्पन्न गर्ने खेलतालिका एएफसीले सार्वजनिक गरेको थियो ।

'सबै सहभागीहरूको सुरक्षालाई ध्यानमा राख्दै फिफा र एएफसीले एक भएर काम गरिरहेको छ । यस क्षेत्रको अवस्था हेर्दा र जोखिम पहिचान गर्दा नयाँ मिति तय गर्ने निर्णय गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ । एएफसीले नयाँ मिति आगामी बैठकमा सार्वजनिक गर्ने उल्लेख गरेको छ ।

विश्वकप छनोटका खेलहरू स्थगित गरेसँगै अखिल नेपाल फुटबल संघ (एन्फा) ले पनि अभ्यास रोक्ने भएको छ । एन्फाले भदौ १ बाट तयारी सुरु गर्ने निर्णय गरेको थियो । उक्त अभ्यासका लागि एन्फाले खेलाडीहरूलाई बोलाएर क्वारेन्टिनमा राखेको थियो । यस्तै सोमबार र मंगलबार गरी खेलाडी तथा अफिसिएलको पिसिआर परीक्षणका लागि स्वाव संकलनसमेत गरिसकेको छ ।

एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले फिफा र एएफसीले अर्को मिति तय नगरेसम्मका लागि अभ्यास पनि रोकिने जानकारी दिनुभयो । अब उपत्यकाबाहिरका होटल क्वारेन्टिनमा रहेका खेलाडीहरू घर फर्कने भएका छन् ।

फिफा विश्वकप छनोटअन्तर्गत नेपालले तीन खेल खेल्न बाँकी छन् । जुन अक्टोबर ८ देखि दशरथ रंगशालामा हुने तय भएका थिए । चाइनिज ताइपेइ, जोर्डन र अस्ट्रेलियासँग घरेलु मैदानमा खेल्न बाँकी छ । छनोटको दोस्रो चरणको समूह बी मा रहेको नेपालले पाँच खेल खेलिसकेको छ । जसमध्ये चार खेलमा हार र एक खेलमा जित निकालेका थियो ।

२५ जनाको रिपोर्ट नेगेटिभ

यसैबीच गत सोमबार स्वाब संकलन गरिएका खेलाडी तथा अफिसियल गरी २५ जनाको कोरोना परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । सोमबार ११ जना खेलाडीसहित अफिसियलहरूको कोरोना परीक्षण गरिएको थियो ।

ललितपुरको पाटन अस्पतालमा सोमबार रञ्जित धिमाल, मिक्चेन तामाङ, विशाल राई, रवि पासवान, दर्शन गुरुङ, विमल राना, दीप कार्की, दिलेन लोक्तान, छिरिंग गुरुङ, देवेन्द्र तामाङ र पुजन उपरकोटीको स्वाब नमूना संकलन गरिएको हो । यस्तै प्रशिक्षक किरण श्रेष्ठ र फिजियो आविष्कार पुडासैनीको स्वाब संकलन गरिएको थियो । उनीहरू सबैको रिपोर्ट नेगेटिभ आएको एन्फाले जनाएको छ ।

# सेमिफाइनलमा सेभिल्ला युनाइटेडसँग भिड्ने

**एजेन्सी**
**लण्डन, २८ साउन**



युरोपा लिगको सेमिफाइनलमा स्पेनिस क्लब सेभिल्लाले इग्लिस क्लब म्यानचेस्टर युनाइटेडेको सामना गर्ने भएको छ । क्वार्टरफाइनलमा मंगलबार राति अर्को इंग्लिस क्लब वुल्भ्समाथि १-० को जित हात पार्दै सेभिल्लाले युनाइटेडसँगको भेट पक्का गरेको हो । युनाइटेड यसअघि नै सेमिफाइनलमा पुगिसकेको छ ।

पाँच पटक युरोपा लिग विजेताको उपाधि उचालिसकेको सेभिल्लाको जितमा ८८ औं मिनेटमा अर्जेन्टिनी विंगर लुकास ओकाम्पसले निर्णायक गोल गर्नुभयो । एभर बनेगाको क्रसमा ओकाम्पसले हेडरमार्फत गोल गर्नुभएको थियो ।

सेभिल्ला यूएफा, युरोपा लिगको सातौं पटक सेमिफाइनलमा प्रवेश गरेको हो । सेमिफाइनलमा उसभन्दा बढी पुग्ने टोली इन्टर मिलान मात्रै हो । मिलान आठचोटी यस यूरोपियन फुटबलको सेमिफाइनलसम्म पुगेको छ ।

जितसँगै पछिल्ला १९ खेलमा अपराजित सेभिल्लाले अब आइतबार युनाइटेडको सामना गर्नेछ । युनाइटेडले सोमबार राति कोपनहेगनमाथि १-० को जित दर्ता गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो । अर्को सेमिफाइनल इन्टर मिलान र शाख्तरबीच हुनेछ । वुल्भ्सले भने यस सिजनको प्रिमियर लिगको सातौं स्थानमा रहेपछि उसले आगामी सिजनको युरोपा लिग पनि गुमाएको छ ।

तटस्थ भूमीमा इंग्लिस क्लबविरुद्ध सेभिल्लाले खेलेका योसँगै तीनवटै खेलमा जित हात पारेको छ । यसअघि २००६ मा मिडिल्सवर्ग र २०१६ मा सेभिल्लाले लिभरपुललाई पराजित गरेको थियो ।

खेलको १३ औं मिनेटमा वुल्भ्सले पेनाल्टीमार्फत अग्रता लिने मौका गुमाएको थियो । अडामा ट्राओरेलाई पेनाल्टी क्षेत्रभित्र लडाएपछि वुल्भ्सलाई रेफ्रिले पेनाल्टी दिएको थियो । तर फरवार्ड राउल जिमिनेजको प्रहार गोलरक्षक यासिन बौनोउले रोकिदिनुभयो ।

वुल्भ्सका लागि राउल जिमिनाज पहिलोपल्ट पेनाल्टीमा गोल गर्न असफल रहनुभयो । उसका रक्षक रोमेन सुइसले यस सिजनमा १४औं पहेलो कार्ड ब्यहोर्नुभयो । सेप्टेम्बरमा समूह चरण अन्तर्गत ब्रांगविरुद्धको खेलपछि वुल्भ्स यसै खेलमा मात्रै गोल गर्न असफल भएको हो ।

यस्तै २१ औं मिनेट सेभिल्लाका युसुफले प्रहार गरेको हेडर पोस्टको नजिकैबाट बाहिरिएको थियो । २८ औं मिनेटमा वुल्भ्सका माउटिन्होको प्रहार पोस्टमा लाग्दै फर्किएको थियो । ८३औं मिनेटमा युसुफको अर्को हेडरलाई गोलरक्षले ब्लक गरिदिएपछि खेलमा थप गोल हुन सकेन ।

## खेल संक्षेप

### खेलाडीलाई सहयोग

**गैंडाकोट/हिटा ।** गैंडाकोट महिला फुटबल क्लबले कोरोना भाइरसबाट प्रभावित गैंडाकोट नगरपालिकाका खेलाडीलाई सहयोग गरेको छ । क्लबले मंगलबार एक कार्यक्रमको आयोजना गर्दै खेलाडीलाई राहत प्रदान गरेको हो । जनही खेलाडीलाई तीन हजार रुपैयाँको दरले आर्थिक सहयोग गरिएको क्लबका अध्यक्ष दुर्गा घिमिरेले जानकारी दिनुभयो । क्लबले अखिल नेपाल फुटबल संघ एन्फाबाट उपलब्ध आर्थिक सहयोगबाट खेलाडीलाई राहत प्रदान गरेको हो ।

### एमिल टोटनहममा

**लण्डन/एजेन्सी ।** इंग्लिस क्लब टोटेनहम हट्सपरले प्रिमियर लिगकै अर्को क्लब साउथह्यामप्टनबाट डेनिस मिडफिल्डर पिएर एमिल होएबिएरलाई भित्र्याएको छ । २५ वर्षीय मिडफिल्डरलाई टोटेनहमले १५ मिलियन पाउण्डमा भित्र्याएको हो । उहाँ बायर्न म्युनिखबाट २०१६ मा साउथहप्टनसँग आबद्ध हुनुभएको थियो । होएबिएर टोटेनहम आउँदा उहाँका रक्षक काइल वाल्कर पिटर्स भने साउथह्यामप्टन जानुभएको छ । साउथह्याम्पटनले १२ मिलियन पाउण्डमा उहाँलाई भित्र्याएको हो । दुवै क्लबले ती खेलाडीहरूलाई पाँच वर्षका लागि भित्र्याएको हो ।

# साख्तर युरोपा लिगको सेमिफाइनलमा

**एजेन्सी**
**बर्लिन, २८ साउन**

युक्रेनी क्लब साख्तर डोनेक्स युरोपा लिगको सेमिफाइनलमा प्रवेश गरेको छ । बर्लिनमा मंगलबार राति भएको खेलमा स्वीस क्लब एफसी बसेलमाथि ४-१ को सहज जित निकाल्दै साख्तरले अन्तिम चारमा स्थान पक्का गरेको हो ।

साख्तरको फराकिलो जितमा जुनियर मोराइस, टाइसन, एलन प्याट्रिक र डुडुले एक एक गोल गर्नुभयो । बसेलका रिक्की भान वल्सविन्केलले शान्त्वना गोल फर्काउनुभएको थियो । यो जितसँगै साख्तरले अब सेमिफाइनलमा इटालियन क्लब इन्टर मिलानसँग प्रतिस्पर्धा गर्नेछ । मिलानले यसअघि नै जर्मन क्लब बायर लिभरकुसनलाई २-१ ले पराजित गर्दै अन्तिम चारमा स्थान पक्का गरिसकेको छ ।



खेलको दोस्रो मिनेटमा नै जुनियरको गोलबाट साख्तरले अग्रता लिएको थियो । उहाँले मार्लोसको क्रसमा हेडर गोल गर्दै टोलीलाई अग्रता दिलाउनुभएको हो । यस्तै २२ औं मिनेटमा टाइसनले टोलीका लागि दोस्रो गोल गर्नुभयो । उहाँले पनि मार्लोसकै पासमा पोस्टको बीच भागबाट गरेको प्रहारले जाली चुमेको थियो ।

६२ औं मिनेटमा बसेलले पेनाल्टीको अपिल गरे पनि भिएआरले मान्यता दिएन । त्ससको दश मिनेटपछि साख्तरले पेनाल्टी पायो । बसेलका मर्चन्डले टाइसनलाई फल गरेपछि रेफ्रीले साख्तरलाई पेनाल्टी प्रदान गरेको थियो । त्यसमा एलान प्याट्रिकले गोल गर्दै साख्तरको अग्रता फराकिलो बनाउनुभएको थियो । निर्धारित समयको खेल दुई मिनेट बाँकी रहँदा डुडुले साख्तका लागि चौथो गोल गर्नुभयो । उहाँले टिटेको पासमा गोल गर्नुभएको थियो । थपिएको समयमा रिक्की भानले एक गोल फर्काएपछि खेल ४-१ मा टुंगिएको थियो ।


**श्री पशुपतिनाथशरण सहकारी संस्था लि. र हव को-अपरेटिभ सर्भिस लि. मर्जर भै बनेको हव को-अपरेटिभ सर्भिस लि. बाट एकिकृत कारोवार गर्ने सम्बन्धी सूचना**

श्री नेपाल सरकार, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको मिति २०७६।१२।०३ को निर्णयानुसार श्री पशुपतिनाथशरण सहकारी संस्था लि. र हव को-अपरेटिभ सर्भिस लि. बिच एकिकरण भै हव को-अपरेटिभ सर्भिस लि. कायम भएको हुंदा दुवै संस्था एकिकरण भै बनेको संस्थाले निम्न मिति र स्थानबाट एकिकृत कारोवार गर्ने भएकोले दुबै संस्थाका शेयरधनी महानुभावहरुलाइ जानकारकिो लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति :** २०७७ साल श्रावण २९ गते विहिवार
**स्थान :** का.म.न.पा ०४, भक्तिमार्ग, बालुवाटार, काठमाण्डौं


# सऱ्यो श्रीलंकन क्रिकेट लिग

**एजेन्सी/कोलम्बो ।** श्रीलंकाको फ्रेन्चाईज क्रिकेट लंका प्रिमियर लिग आगामी नोभेम्बरमा हुने गरी सरेको छ । यसअघि अगस्ट अन्तिमबाट सुरु हुने भनिएको लिग कोरोना भाइरसको प्रभावका कारणले सरेको हो ।

विदेशी खेलाडीले अनिवार्य १४ दिनको क्वारेन्टिनमा बस्नुपर्ने, स्वास्थ्य जाँच गराउनुपर्ने लगायत मापदण्डका कारण लिग पछाडि सरेको श्रीलंका क्रिकेट बोर्डले जनाएको छ । चार फरक अन्तराष्ट्रिय क्रिकेट रंगशालामा हुने प्रतियोगितामा २३ खेल हुनेछन् । ७० भन्दा बढी अन्तराष्ट्रिय खेलाडी तथा विश्वका १० उत्कृष्ट प्रशिक्षकहरू लिगमा हुने आयोजकले जनाएको छ । बोर्डले यसअघि २८ देखि सेप्टेम्बर २० सम्म प्रतियोगिता आयोजना गर्ने बताएको हो ।